# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, भदौ १२ गते, २०८३ साल (अतिरिक्ताङ्क ३७

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३२**

**<u>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०८३</u>**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ मा नियम १२क. थप** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"**१२क. विपद्बाट मृत्यु भएका व्यक्तिको शवको भण्डारण गर्ने** : (१) विपद्बाट मृत्यु भएका व्यक्तिको शव सङ्घीय, प्रादेशिक वा स्थानीय तहका अस्पताल वा सामुदायिक अस्पतालमा रहेका शव भण्डारण कक्ष वा सरकारी वा सामुदायिक रुपमा सञ्चालित शवगृहमा भण्डारण गरिनेछ।

(२) उपनियम (१) बमोजिम मात्र शव भण्डारण गर्न नसकिने भएमा जिल्ला विपद् व्यवस्थापन समितिले निजी अस्पतालमा रहेका शव भण्डारण कक्ष वा शवगृहमा, सरकारी वा निजी क्षेत्रबाट सञ्चालित चिस्यान केन्द्रमा वा अस्थायी शव भण्डार कक्षको व्यवस्था गरी सो कक्षमा भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) यस नियम बमोजिम शव भण्डारण गर्दा लाग्ने खर्च नियम ११ बमोजिमको जिल्ला विपद् व्यवस्थापन कोषबाट भुक्तानी गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) बमोजिम निजी क्षेत्रबाट सञ्चालित चिस्यान केन्द्रमा शव भण्डारण गर्दा र त्यस्तो चिस्यान केन्द्र प्रयोग गरे बापत उपनियम (३) बमोजिम रकम भुक्तानी गर्दा नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालयले आवश्यक समन्वय तथा सहजीकरण गरिदिनु पर्नेछ।"

**आज्ञाले,**
**राजकुमार श्रेष्ठ**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।